# अखिल नेपाल किसान महासंघ

## १.परिचय

अखिल नेपाल किसान महासंघ सम्पूर्ण श्रमजिवी नेपाली किसानहरूको हकहित र अधिकारका लागि एक संगठित आवाज र नेतृत्वदायी संगठन हो । यस कार्यका लागि महासंघले आफ्नो स्थापनाकालदेखि नै संघर्षरत रहेको छ । महासंघ नेपाली किसानहरूको प्रतिनिधित्व गर्ने बिभिन्न २२ वटा विषयगत उत्पादन, सामुदायिक र वर्गीय किसान संघहरूको साझा छाता संगठन हो ।

कम्युनिष्ट आन्दोलन सँगसँगै २००७ सालबाट संगठित रूपमा मुलुकमा किसान आन्दोलनको शुरुवात भएको थियो । छरिएका आन्दोलनलाई थप संगठित गर्दै २००८ साल बैशाख १७ गते काठमाडौंको टुँडिखेलमा आयोजित कम्युनिष्ट पार्टीको भेलाबाट कमरेड तुल्सीलाल अमात्यको नेतृत्वमा कमरेड निरञ्जन गोविन्ध बैद्य, कमरेड नरबहादुर कर्माचार्य, कमरेड कमलराज रेग्मी, कमरेड खड्गबहादुर सिंह, देवेन्द्रलाल ( काईलाबा) लगायतका कमरेडहरू समावेश भएको अखिल नेपाल किसान संघ औपचारिक रूपमा घोषणा भएको थियो । सामन्ती निरंकुश व्यवस्थालाई अन्त्य गर्दै सामन्तहरूको शोषण र दमनबाट किसानलाई मुक्त गर्ने अर्थात जनवादी व्यवस्था स्थापनाका लागि किसान परिचालन गर्ने उद्देश्यकासाथ अखिल नेपाल किसान संघको स्थापना भएको थियो । नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्रमा उल्लेखित नारा "पहाडपर्वत, खोलानाला, जग्गाजमिन सबको मालिक हामी दास बन्यौं किन ? हिस्सा सबमा सबको" भन्ने नाराले त्यतिबेलाको किसान

आन्दोलनलाई निर्देशित गरेको थियो । किसान आन्दोलनलाई शुरुवाती अवस्थादेखि नै कम्युनिष्ट आन्दोलनले वैचारिक तथा राजनीतिक रूपमा मार्गदर्शन गर्दै आयो । वर्तमान सन्दर्भमा पनि मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादले किसान महासंघले नेतृत्व गरिरहेको किसान आन्दोलनलाई मार्गदर्शन गरिरहेको छ र गरिरहने छ ।

किसान महासंघको स्थापना कालमा किसान आन्दोलनले मुख्यतया सामन्ती भूस्वामित्वको अन्त्य गरी क्रान्तिकारी भूमि सुधार मार्फत जोताहा किसानलाई जमिनको मालिक बनाउने मुख्य उद्देश्य रहेको थियो । जुन उद्देश्य प्राप्तीका लागि बेठबेगारी र सलामी प्रथाको अन्त्य, मोहियानी हक कायम, विर्ता तथा जमिनदारी प्रथा उल्मूलन, अनुचित व्याजदरको खारेजी र रे नही जी कहो, मुछ उखाडो, जाली तमसुक च्यात्ने/फाड्ने र भकारी फोड, जसको जोत उसको पोत, कि जोत हलो कि छोड थलो लगायतका मुख्य विषयमा केन्द्रित भई सामन्ती प्रथा विरुद्ध किसान आन्दोलन गरिएको थियो । जसको प्रभाव बढ्दै गयो र देशव्यापी रूपमा किसानहरू अखिल नेपाल किसान संघमा संगठित हुदै गए । २०११ साल सम्ममा करिब तीनलाख किसान किसान संघको सदस्यता लिइसकेका थिए । यसरी किसानका हक अधिकारका साथसाथै देशको राजनीतिक परिवर्तनका लागि किसान महासंघले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ ।

तत्कालीन नेकपा (माले) को गठनपश्चात २०३७ सालमा कमरेड अमृतकुमार बोहोराको अध्यक्षतामा अखिल नेपाल किसान संघलाई पुनर्गठन गरियो । र, देशव्यापिरूपमा किसान संघका समितिहरू निर्माण भए । कम्युनिष्ट पार्टी प्रतिवन्धित अवस्थामा पनि किसान र कृषि क्षेत्रमा संगठनात्मक कामको विस्तार किसान आन्दोलन मार्फत

गरिएको थियो । २०४७ सालपछि हलिया, हरूवा, चरुवा र कमैया कम्हलहरीहरूको आन्दोलन, बादी महिलाहरूको आन्दोलन र किसान संघ संगठनहरूका विभिन्न आन्दोलनहरू सम्पन्न भए । अखिल नेपाल किसान संघ किसान महासंघमा रूपान्तरण हुने अवस्थासम्म आईपुग्दा मुलुकको कैयन क्षेत्रमा परिवर्तन र सुधारहरू भए । खासगरी भूदासप्रथामा आधारित सामाजिक-आर्थिक व्यवस्था सम्पूर्ण रूपले समाप्त भएको छ र अवैतनिक श्रममा आधारित श्रम सम्बन्ध ज्यालादारी श्रममा रूपान्तरण भएको छ । परम्परागत निर्वाहमुखी कृषि उत्पादनको ठाउँ व्यवसायिक कृषि उत्पादनमा र सामन्तवादी उत्पादन प्रणाली पूँजीवादी उत्पादन प्रणालीमा रूपान्तरण भएको छ । यसबाट नेपाली समाजमा रहेका कतिपय पुराना वर्ग समाप्त भएका छन् र कतिपय नयाँवर्ग देखापरेका छन् । निर्वाहमुखी कृषि प्रणाली व्यवसायीक तथा औद्योगिक कृषि उत्पादनमा रूपान्तरण हुदै गरेको वर्तमान सन्दर्भमा कृषि उत्पादनको विशिष्टीकरणलाई आधार मानेर विषयगत, सामुदायिक र वर्गीय संगठनहरू निर्माण गर्दै किसान संघलाई २०६४ सालमा कास्की जिल्लाको पोखरामा सम्पन्न पाँचौ महासम्मेलनबाट किसान महासंघमा रूपान्तरण गरिएको हो ।

## २. किसान महासंघका सिद्धान्त, उद्देश्य र लक्ष्यहरू

### (क) महासंघको सिद्धान्त

किसान महासंघलाई मार्गदर्शन गर्ने सिद्धान्त मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद हो । यसको संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयताको सिद्धान्त हो । नेपाली कृषि क्रान्तिको कार्यक्रम कार्यान्वयन गर्ने काममा उपरोक्त सिद्धान्तमा आधारित भएर गरिनेछ । उपरोक्त

सिद्धान्तलाई नेपाली विशेषतामा मिलाएर अध्ययन, विश्लेषण र अनुसरण गरिनेछ । नीतिगत आवद्धता र संगठनात्मक स्वायत्तताको मान्यता अनुरूप नै महासंघ परिचालित छ ।

## (ख) महासंघका उद्देश्यहरू:

अखिल नेपाल किसान महासंघको उद्देश्य ग्रामिण क्षेत्रमा रहेका सम्पूर्ण श्रमजिवी किसानहरूलाई आफ्नो हक अधिकारका निम्ति सचेत, संगठित तथा कानुनसम्मत तरिकाले आन्दोलित गर्दै कृषि उत्पादनका श्रोतसाधन तथा कृषिभूमि, किसान र कृषि उत्पादन बीचको सम्बन्धलाई व्यवस्थित गर्न भूउपयोग नीति निर्माण गरी कार्यान्वयन गर्ने, कृषिभूमि माथि रहेको व्यक्तिगत स्वामित्व अन्त्य गर्दै सामुहिकता र सहकारीताको आधारमा कृषिको व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकरण गर्दै ग्रामिण क्षेत्रको चौतर्फी विकास गरी शहर र ग्रामिण क्षेत्रको दूरी कम गर्ने र ग्रामिण क्षेत्रको गरीबी पूर्णरूपमा अन्त्य गरी जनताको आधारभूत आवश्यकता पूरा भएको गरिवी र अभावमुक्त सभ्य समाज निर्माण गर्नु हो ।

## (ग) महासंघका लक्ष्यहरू:

यसको लक्ष्य श्रमिक किसानको सुसंगठित शक्तिको आधारमा सम्पूर्ण ग्रामिण क्षेत्रमा पर्यावरणीय प्रणाली र जैविक विविधतामा आधारित कृषिको विकास गर्ने, कृषिभूमिको संरक्षण, विकास र सदुपयोगको सुनिश्चित गर्दै ग्रामिण क्षेत्रलाई उत्पादनमुखी बनाउँदै सबै किसिमका पूर्वाधार निर्माण गरी शहरी क्षेत्र र ग्रामिण क्षेत्रको दूरी समाप्त गर्ने, कृषि व्यवसायलाई सम्पूर्ण रूपमा यान्त्रीकरण गर्दै ग्रामिण क्षेत्रबाट दक्ष

श्रमशक्तिको विकास गरी अर्थतन्त्रका अन्य क्षेत्रमा प्रवाहित गर्ने, शिक्षा, स्वास्थ्य, सन्तुलित आहार, सुविधासम्पन्न आवास, रोजगारी र मनोरन्जनको सुनिश्चिचता गर्दै सबै किसिमका विभेदहरूको अन्त्य गरी उच्चस्तरको संस्कृतियुक्त न्याय र समानतामा आधारित समाजवाद उन्मुख समाज निर्माण गर्नु हो ।

## ३.नेपाली कृषिक्रान्तिको कार्यक्रम

हाम्रो देशका लागि सबै सुधार र परिवर्तनहरूको आधार कृषि क्षेत्र नै हो । कृषि क्षेत्रको सुधार र परिवर्तन विना हाम्रो देशको अरु क्षेत्रका सुधार र परिवर्तनहरू प्रभावकारी हुन सक्दैनन् । कृषि अर्थतन्त्र राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो । त्यसैले कृषि अर्थतन्त्र सुदृढ नभै मुलुकको अर्थतन्त्रको सुदृढ र दिगो विकास हुनसक्दैन । यसका साथै सिंगो कृषि क्षेत्रलाई आधुनिकीकरण अर्थात व्यावसायीकरण र औद्योगिकीकरण गरी मुलुकको कृषि अर्थतन्त्र सुदृढ गर्नु, मुलुकलाई आत्मनिर्भरतातिर उन्मुख बनाउनु, आम जनताको आर्थिक समृद्धि र जीवनस्तर उन्नत बनाउनु र कृषि क्षेत्रमा रहेको सामाजिक एवं साँस्कृतिक अन्धविश्वास र रुढिगत मान्यताहरूको अन्त्य गर्नु, कृषिलाई तुलनात्मक रूपमा आधुनिक सम्मानित र लाभकारी पेशाका रूपमा संस्थापित गर्नु नै यसका महत्वपूर्ण तथा ऐतिहासिक कार्यभारहरू हुन् । तसर्थ कृषि क्षेत्रलाई प्रगतिशील सुधार र अग्रगामी परिवर्तनद्वारा सम्पन्न वनाउन, नेपाली विशेषता सहितको कृषि क्रान्ति संपन्न गरी लोकतान्त्रिक गणतन्त्र र नयाँ नेपाल निर्माण गर्नु नै आजको हाम्रो मुख्य दायित्व हो ।

## कृषि क्रान्ति र भूमिसुधारः

कृषि क्रान्तिको प्रमुख महत्वको काम नेपालको वर्तमान भूमि सम्बन्धमा परिवर्तन गर्नाका खातिर सम्पन्न गरिने क्रान्तिकारी भूमिसुधार हो । यसको लक्ष्य भूमिलाई उत्पादनको साधनका रूपमा स्थापित गर्ने र सामन्ती भूस्वामित्व अन्त्य गरी वास्तविक जोताहा तथा प्रत्यक्ष कृषि उत्पादनमा संलग्न किसानलाई स्वामित्व हस्तान्तरण गर्नु हो । भूमिको स्वामित्वमा किसानको विभेदकारी र अन्यायपूर्ण सम्बन्धको अन्त्य मात्र क्रान्तिकारी भूमिसुधारको उद्देश्य होइन । यसको उद्देश्य उत्पादनका साधनका रूपमा यसको अधिकतम प्रयोग गर्दै सामाजिक र आर्थिक क्षेत्रको प्रगतिशील परिवर्तनमा गतिशीलता कायम गर्नु हो ।

## कृषिको व्यवसायीकरण

कृषिक्षेत्र नेपाली अर्थतन्त्रको एक महत्वपूर्ण हिस्सा रहँदै आएको छ । मुलुकलाई आत्मनिर्भर बनाउन, जनतालाई आर्थिक रूपमा समृद्ध बनाउन र राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न कृषि क्षेत्रलाई आधुनिकीकरण अर्थात् व्यवसायीकरण र औद्योगिक विकास गर्दै औद्योगिकीकरण गर्नुपर्दछ । यसरी मात्र कृषि क्षेत्रको विकास अर्थतन्त्रका अन्य क्षेत्र सरह बनाउन सकिन्छ । कृषि व्यवसायीकरणले उत्पादनलाई विशिष्टीकरणको अवस्थातर्फ बढाउँछ । जसबाट कृषि उपजको उत्पादकत्व र उत्पादन बृद्धि हुन्छ । नेपाली कृषकहरू निर्वाहमुखी उत्पादनबाट बामेसर्दै क्रमिक रूपमा कृषिको व्यवसायीकरण गर्दै उत्पादनको विशिष्टीकरणतर्फ उन्मुख हुनथालेका छन् । अहिलेसम्म ठूला कृषि फर्महरू सरकारी तहमा मात्र सञ्चालित छन् । अधिकांश किसानहरू निर्वाहमुखी उत्पादनमा संलग्न रहेका र केही किसानहरू विस्तारै सामूहिक र सहकारी खेतितर्फ पनि उन्मुख हुनथालेका छन् । यस्तो प्रबृत्तिको फलस्वरूप दुग्ध सहकारी सफल देखिएको छ । यस्तो

सहकारीको सफलताले किसानहरू त्यसतर्फ आकर्षित हुनथालेका छन् । यस्ता सहकारीहरू धेरैजसो उपभोक्ता सहकारीका रूपमा रहेकाछन् । यसले कृषि उत्पादनमा व्यवसायीकरण र विशिष्टीकरणलाई टेवा पुर्‍याउने कुरा  अवश्यम्भावी छ ।

## खाद्य सम्प्रभुता

खाद्य सम्प्रभुता जनता, समुदाय र राज्यहरूको भूमि तथा खाद्यनीति, श्रम, मत्स्य विकास तथा कृषि सम्वन्धी नीति आफैले परिभाषा गर्ने, निर्णय गर्ने र तिनको कार्यान्वयन गर्ने अविछिन्न अधिकार हो, जुन नीति पर्यावरणीय, सामाजिक, आर्थिक तथा सांस्कृतिक सबै हिसावले उनीहरूको आफ्नो वस्तुगत अवस्थाँग उपयुक्त हुन्छन् । यस्तो नीतिले वास्तविक अर्थमा खाद्य अधिकार र खाद्य उत्पादनको अधिकारको प्रत्याभूति गर्दछ जसले सम्पूर्ण जनताको सुरक्षित, पोषणयुक्त तथा सांस्कृतिकजन्य खाना र खाद्य उत्पादनका प्रविधिहरू र साधन स्रोतमा पहुँच, अधिकार र नियन्त्रण हुन्छ । खाद्यसम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गरी, नियमावली अभिलम्ब जारी गर्न दावाव दिने र खाद्यसम्प्रभुता परिषद् गठन अभिलम्ब गठन गराई यसको कार्यान्वयन गर्न लाग्न जरूरी छ ।

## ४.किसान महासंघको सांगठनिक संरचना

अखिल नेपाल किसान महासंघको सांगठानिक संरचना यसप्रकार रहेको छः

१. राष्ट्रिय समिति
२. सल्लाहकार समिति
३. आयोगहरू
५. विभागहरू
६. बिषयगत किसान संघहरू
७. विशेषज्ञ सभा
८. प्रदेश समिति
९. जिल्ला समिति
१०.पालिका समिति
११.वडा समिति
१२.उत्पादन समुहहरू

अखिल नेपाल किसान महासंघ कमरेड डा. प्रेम दंगालको नेतृत्वमा १८ जना पदाधिकारी, ४५ सदस्यीय सचिवालय, १०१ सदस्यीय स्थायी समिति र ५०१ सदस्यीय राष्ट्रिय समिति रहेको छ। काठमाडौं उपत्यका समेत गरी आठ प्रदेश समितिहरू, ७३ जिल्ला समितिहरू, ३०२ पालिकामा पालिका समिति र ८५५ वडामा वडा महासंघ छ । २२ वटा विषयगत किसान संघका केन्द्रीय, प्रदेश, जिल्ला, पालिका कमिटीहरू निर्माण भइरहेको अवस्था छ ।

किसान महासंघमा तीन आयोगहरू क्रमशः लेखा, निर्वाचन र अनुशासन आयोगहरू क्रियाशील रहेका छन् । महासंघमा नौ वटा विभागहरू क्रमशः संगठन विभाग, प्रचार तथा प्रकाशन विभाग, आर्थिक विभाग, विदेश विभाग, प्रशिक्षण विभाग, व्यवसाय प्रवर्धन तथा उद्यम विभाग, अनुसन्धान विभाग, कानून विभाग, सहकारी विभाग रहेका छन् ।

महासंघमा कृषि क्षेत्रका विभिन्न विधाका विज्ञहरूको विशेषज्ञ सभा रहेको छ । त्यसैगरी एक सल्लाकार समिति रहेको छ ।

## ४.सम्मेलनहरू

अखिल नेपाल किसान महासंघले संगठनलाई संस्थागत, विधिवत र प्रक्रियासम्मत ढङ्गबाट सञ्चालन गर्न महासंघको सर्वोच्च निकाय राष्ट्रिय सम्मेलन तथा महासम्मेलनहरूबाट महासंघका नीति तथा नेतृत्व छनौट गर्दै आइरहेको छ । महासंघले आफ्नो गौरवपूर्ण सात दशकको इतिहासमा छ वटा राष्ट्रिय सम्मेलन तथा महासम्मेलन सम्पन्न गरेको छ जसलाई निम्नबमोजिम उल्लेख गरिएको छ। किसान संघको इतिहासमा विभिन्न कालखण्डहरूमा आन्दोलनको विभाजन, एकीकरण र पुनर्गठन हुँदै आएको छ ।

**१.प्रथम सम्मेलनः** अखिल नेपाल किसान संघको पहिलो सम्मेलन २००९ सालमा रौतहटको महमदपुरमा भएको थियो । उक्त सम्मेलनले अध्यक्षमा कमरेड तुल्सीलाल अमात्य, रामहरी शर्मा उपाध्यक्ष, शम्भुराम श्रेष्ठ महामन्त्री र निरञ्जन गोविन्द बैद्यलाई उपमहान्त्रीमा निर्वाचित गर्‍यो ।

**२.दोस्रो सम्मेलनः** संघको दोस्रो राष्ट्रिय सम्मेलन २०११ साल जेठ १९-२१ मा तत्कालीन महोत्तरी जिल्लाको जनकपुरक्षेत्रको बाह्रविघामा सम्पन्न भयो । उक्त सम्मेलनमा करिब ३०० प्रतिनिधिहरू तथा ५०० पर्यवेक्षकहरूले भाग लिएका थिए । सम्मेलनबाट केन्द्रीय परिषद्का अध्यक्षमा कमरेड तुल्सीलाल अमात्य, उपाध्यक्षमा कमरेड कमलराज

रेग्मी र कमरेड डीपी रेग्मी र महामन्त्रीमा कमरेड शम्भुराम श्रेष्ठको नेतृत्वमा कमरेड कृष्णलाल बर्मा, कमरेड निरञ्जन गोविन्द बैद्य लगायत ३१ सदस्यीय केन्द्रीय परिषद् गठन गरियो ।

**३.तेस्रो सम्मेलनः** अखिल नेपाल किसान संघको तेस्रो राष्ट्रिय सम्मेलन २०४७ अश्विन २५ देखि २६ सम्म कास्की जिल्लाको पोखरामा सम्पन्न भयो । यस सम्मेलनले २९ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्‍यो । उक्त केन्द्रीय कमिटीका अध्यक्ष कमरेड अमृत बोहोरा, उपाध्यक्षहरू क्रमशः कमरेड पाण्डवराज घिमिरे, सूर्य कन्दङ्वा, सत्यनारायण मण्डल, सिद्धिनाथ ज्ञवाली र किरण गुरुङ, सचिव कमरेड कृष्णगोपाल श्रेष्ठ र कोषाध्यक्ष कमरेड जीतवीर लामा र सदस्यहरूमा क्रमशः कमरेड देवी बराल, कमरेड भुवनसिंह राई, कमरेड हिरा बहादुर सुनुवार, कमरेड पुलकित ठाकुर, कमरेड शत्रुधन उपाध्याय, कमरेड रामप्रसाद ढकाल, कमरेड विर बहादुर लामा, कमरेड चक्र पराजुली, कमरेड प्रेम नारायण पौडेल, कमरेड भिमनारायण थारु, कमरेड देव राना मगर, कमरेड भिम बहादुर कडायत, कमरेड मेघ बहादुर बि.सी., कमरेड छविलाल वली, कमरेड बालकुमारी थापा मगर, कमरेड गोमा देवकोटा, कमरेड तारा सोमयाङ्या, कमरेड गुरु बराल, कमरेड प्रेमबहादुर सिंह, कमरेड मानबहादुर बाठा मगर सहित २९ जना निर्वाचित हुनुभएको थियो ।

## **किसान संघहरूबीचको एकीकरण** :

नेकपा माले र नेकपा मार्क्सवादीको एकीकरण २०४७ साल पौष २१ गते भए तापनि किसान संघहरूबीच २०४८ साउन २८ गते एकीकरण प्रक्रिया सम्पन्न भयो । एकीकरण पश्चात अध्यक्ष कमरेड अमृत बोहोरा, उपाध्यक्षहरू क्रमशः कमरेड सूर्य कन्दङ्वा, कमरेड सत्यनारायण

मण्डल, कमरेड सिद्धिनाथ ज्ञवाली, कमरेड देवनारायण महर्जन, कमरेड कृष्णबहादुर शाही, महासचिवमा कमरेड केशव बडाल, सचिव कमरेड कृष्णगोपाल श्रेष्ठ र कोषाध्यक्ष कमरेड जीतवीर लामासमेत रहनुभएको समिति बनेको थियो । २०५१ सालमा किसान संघका अध्यक्ष र महासचिव कमरेडहरूले पार्टीको अन्य जिम्मेवारी तोकिएपछि किसान फाँट हेर्ने जिम्मेवारी पाउनु भएका कमरेड त्रिलोचन ढकालको संयोजकत्वमा केन्द्रीय कमिटी गठन गरिएको थियो ।

**४.चौथो सम्मेलनः** अखिल नेपाल किसान संघको चौथो राष्ट्रिय सम्मेलन २०५५ साल मंसिर १९ देखि २१ सम्म सप्तरीको राजविराजमा सम्पन्न भएको थियो । सम्मेलनमा हजारौं किसानको सहभागितामा रहेको थियो । तत्कालीन पार्टी अध्यक्ष कमरेड मनमोहन अधिकारी, महासचिव कमरेड माघव कुमार नेपाल, स्थायीसमिति सदस्य कमरेड केपी शर्मा ओलीका साथै नेतृत्व तहमा रहनुभएका नेताहरू, अन्तर्राष्ट्रिय प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । उक्त सम्मेलनले चारबर्षका लागि ३५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गरेको थियो । निर्वाचित पदाधिकारीहरूमा अध्यक्ष केशव बडाल, उपाध्यक्ष देवी बराल, महासचिव प्रेम दंगाल, सचिव नरुलाल चौधरी, कोषाध्यक्ष टीकाराम महर्जन रहनुभएको थियो । सम्मेलनले आठ सदस्यीय सल्लाहकार कमिटी गठन गरेको थियो, जसमा प्रमुख सल्लाहकार कमरेड अमृत बोहोरा रहनुभएको थियो ।

## नेकपा (एमाले) संसदीय दल विभाजन पछिको किसान संघ

पार्टी केन्द्रको आयोजनामा २०५४ साल चैत्र ५ र ६ गते गते अगुवा किसान कार्यकर्ता भेला आयोजना गरी किसान संघलाई पुनर्गठन

गरिएको थियो। भेलाले चौथो राष्ट्रिय सम्मेलन आयोजक कमिटी गठन गरी किसान आन्दोलनको कामलाई गति दिएको थियो । आयोजक कमिटीमा संयोजक कमरेड केशव बडाल, सदस्यहरूमा कमरेड देवी बराल, भुवनसिंह राई, हरिदेव मण्डल, प्रेम दंगालसमेत ४१ जना रहनु भएको थियो ।

## किसान संघहरूको एकीकरण

नेकपा (एमाले) र मालेबीच २०५८ साल फागुन ३ गते सम्पन्न एकीकरण पश्चात अखिल नेपाल किसान संघहरूको एकीकरण २०५८ चैत्र ५ गते सम्पन्न भयो। किसान फाँटको इन्चार्जको रूपमा कमरेड वामदेव गौतमलाई जिम्मेवारी तोकियो । २०५८ चैत्र ११ र १२ गते बसेको एकीकृत किसान संघको बैठकले कमरेड वामदेव गौतमको अध्यक्षतामा, प्रथम उपाध्यक्ष कमरेड केशवलाल श्रेष्ठ द्वितीय उपाध्यक्ष कमरेड धर्मदत्त देवकोटा, तृतीय उपाध्यक्ष कमरेड देवी बराल, महासचिव प्रेम दंगाल रहनु भएको थियो ।

## अखिल नेपाल किसान संघदेखि महासंघसम्म

कृषि उत्पादनको क्षेत्रमा भएको विशिष्टीकरण र विविधीकरण र व्यावसायीकरणका कारण कृषि र किसानका समस्याका दायरा फराकिला बन्दै गए । उत्पादन अनुसारका समस्या पनि विशिष्टीकृत हुँदै गए। सम्पूर्ण किसानका समस्या एकै तवरले बुझ्ने अवस्था रहेन । त्यसैले  कृषि र किसानका समस्या समाधानका लागि उत्पादनमा भएको विशिष्टीकृत अनुसारका क्षेत्र निर्धारण गर्नुपर्ने आवश्यकता किसान संघले महसुस गरी २०५३ साल देखि यस अवधारणमा छलफल शुरु गरियो। २०५५ साल भाद्र महिनामा सालमा चितवनमा आयोजित

किसान कार्यकर्ता भेलाले किसान संघहरू गठन गरी किसान महासंघ निर्माण गर्ने आधार तय गर्‍यो । २०६१ साल  फागुनमा १८ वटा विषयगत किसान संघहरूका भेला तथा सम्मेलनहरू सम्पन्न गरी किसान महासंघमा रूपान्तरण गर्ने तयारी गर्‍यो । त्यसैगरी २०६३ सालमा २१ वटा विषयगत संघका केन्द्रीय समिति गठन भए । यसरी नै २०६४ सालमा कास्की पोखरामा पाँचौ सम्मेलन अर्थात प्रथम महासम्मेलन देशभरका २१ वटा विषयगत किसान संघका १६०० प्रतिनिधिहरूको उपस्थितिमा अखिल नेपाल किसान महासंघ निर्माण भयो ।

**५.पाँचौ महासम्मेलनः** अखिल नेपाल किसान महासंघको पाँचौ महासम्मेलन २०६४ साल वैशाख ३० देखि जेठ २ गतेसम्म कास्की जिल्लाको पोखरामा सम्पन भयो । यस महासम्मेलनबाट अखिल नेपाल किसान महासंघ २१ वटा विषयगत, वर्गिय र सामुदायीक किसान संघहरूको छाता संगठनको रूपमा नेतृत्व प्रदान किसान संगठनको रूपमा स्थापित भयो । पोखरा महासम्मेलनले कमरेड वामदेव अध्यक्ष, उपाध्यक्षमा कमरेड केशवलाल श्रेष्ठ, महासचिव कमरेड प्रेम दंगाल, सचिव कमरेड डि.वी कार्की, कोषाध्यक्ष कमरेड शारदा सुवेदी रहने गरी केन्द्रीय समिति निर्वाचित गर्‍यो ।

**६.छैठौं महासम्मेलनः** अखिल नेपाल किसान महासंघको छैंठौ महासम्मेलन २०७२ साल चैत्र २६ देखि २८ सम्म प्रज्ञाप्रतिष्ठान कमलादी, काठमाडौंमा सम्पन्न भयो । उक्त महासम्मेलनले कमरेड वामदेव गौतम अध्यक्ष, कमरेड केशवलाल श्रेष्ठ सह-अध्यक्ष, उपाध्यक्षहरू क्रमशः कमरेड लालबहादुर थापा, कमरेड यमलाल कडेंल, कमरेड कमलराज श्रेष्ठ, कमरेड शारदा सुवेदी, कमरेड हरि पराजुली,

कमरेड रामऔतार यादव, कमरेड वलदेव चौधरी, महासचिव कमरेड बलराम बास्कोटा, उपमहासचिव कमरेड डि.वी कार्की र कमरेड बावुराम थापा लगायतका पदाधिकारी सहित १२६ सदस्यीय राष्ट्रिय समिति निर्वाचित गर्‍यो ।

## नेकपा माओवादी (केन्द्र) सँग पार्टी एकीकरण पछिको किसान महासंघ

२०७५ साल जेठ ३ गते हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले) र नेकपा माओवादी (केन्द्र) को एकीकरण भयो सोही अनुसार दुवै पार्टीका भातृ संगठन अखिल नेपाल किसान महासंघ र अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) बीचमा पनि एकता भयो । एकता भेलाले कमरेड हरि पराजुलीको संयोजकत्वमा २४५ जनाको राष्ट्रिय समिति घोषणा गरेको थियो ।

## अखिल नेपाल किसान महासंघको पुनर्गठन (२०७७ माघ २२)

झण्डै दुइतिहाई वहुमतका साथ तत्कालीन नेकपाको नेतृत्व गर्दै सो पार्टीका अध्यक्ष कमरेड केपी शर्मा ओलीले सरकारको नेतत्व गरिरहनु भएको थियो । उक्त सरकारले सुखी नेपाली समृद्ध नेपालको लक्ष्य तय गरि राष्ट्रियता, विकास र जनहितमा तिव्र गतिमा महत्वपूर्ण कामहरू गरिरहेको थियो । जतिवेला भारतले कब्जा गर्दै आईरहेको नेपालको भूभाग लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटेर सरकारले नेपालको चुच्चे नक्सा जारी गर्‍यो । त्यस पश्चात अनेकौ बहाना बनाई पार्टी भित्र र बाहिरबाट अध्यक्षमाथि प्रहार गर्ने, चौतर्फी घेरावन्दी गर्ने र पार्टी र सरकारबाट च्युत गर्ने जस्ता बदनियत मनसायबाट मनगणन्ते,

अपुष्ट आरोपपत्र लगाइ अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई दुबै पदबाट बर्खास्त गर्ने भित्री अभियानमा लागिरहेका थिए । पार्टी र सरकारको नेतृत्व हत्याउन उद्यत व्यक्तिहरू पार्टी एकता कायम गर्ने गराउने, सबैको आत्मसम्मान हुने र पार्टीको सङ्कट समाधान हुने अनेक प्रस्तावहरूमा कुनै रुचि देखाएनन् ।

त्यतिवेला हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) अत्यन्त असहज परिस्थितिबाट गुज्रिरहेको थियो । किसान आन्दोलनको नेतृत्व रहनु भएका केही कमरेडहरू उल्लेखित नीहित स्वार्थ पूरा गर्ने मनोकांक्षबाट प्रेरित भई पार्टी अध्यक्षलाई सामान्य सदस्य पनि नरहने गरी कार्वाही गर्ने नाटकीय भूमिकामा रहनुभएको थियो ।

त्यसैले नेपालको कम्युनिष्ट आन्दोलनको रक्षा गर्न किसान आन्दोलनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने अवस्था सिर्जना भएको कारण पार्टीमा उत्पन्न भएको विषम परिस्थितिको बारेमा सही सूचना, विश्लेषण प्राप्त गर्दै उचित निष्कर्ष निकाल्दै आम जनता र किसान कार्यकर्तालाई प्रशिक्षित गर्दै किसान आन्दोलनलाई पुनर्गठन गर्ने मुख्य उद्देश्यकासाथ २०७७ साल २२ गते राष्ट्रिय कार्यकर्ता भेला आयोजना गरिएको थियो । पार्टीले यो कार्य सम्पन्न गर्ने जिम्मेवारी कमरेड डा. प्रेम दंगाललाई दिएको थियो । उहाँको पहलकदमीमा पार्टी एकताको पक्षमा रहनुभएका सम्पूर्ण कमरेडहरूको साथसहयोगले राष्ट्रिय भेला सम्पन्न भएको थियो । भेलाले कमरेड डा. प्रेम दंगालको अध्यक्षतामा ५०१ सदस्यीय राष्ट्रिय समिति निर्माण गरी अखिल नेपाल किसान महासंघ पुनर्गठन गरेको थियो । हाल ५२३ सदस्यीय राष्ट्रिय समिति क्रियाशील रहेको छ ।

अखिल नेपाल किसान महासंघ राष्ट्रिय समिति सदस्यहरुको विवरण यसप्रकार रहेको छः

१. क. डा. प्रेम दंगाल अध्यक्ष, प्रमुख विदेश विभाग
२. क. कमलराज श्रेष्ठ उपाध्यक्ष, इन्चार्ज-लुम्बिनी प्रदेश
३. क. लालबहादुर थापा उपाध्यक्ष, इन्चार्ज-सुदुरपश्चिम प्रदेश
४. क. राम अवतार यादव उपाध्यक्ष, इन्चार्ज- प्रदेश नं २
५. क. उमा कोइरला उपाध्यक्ष, इन्चार्ज- वाग्मती प्रदेश
६. क. बेनु सिवाकोटी उपाध्यक्ष, इन्चार्ज- प्रदेश नं १
७. क. रामबहादुर थापा उपाध्यक्ष, इन्चार्ज- गण्डकी प्रदेश
८. क. सूर्य बहादुर शाही सह-इन्चार्ज कर्णाली प्रदेश
९. क. खड बहादुर खड्का महासचिव
१०. क. बावुराम थापा उपमहासचिव, प्रमुख- संगठन विभाग
११. क. लालबहादुर विश्वकर्मा कञ्चनपुर सचिव
१२. क. रामशरण आलेमगर सचिव, इन्चार्ज-काठमाडौं उपत्यका
१३. क. जीवन्ती पौडेल सचिव,संयोजक-महिला किसान संघ, नेपाल
१४. क. सत्यराम गिरी सचिव
१५. क. राजकुमार उप्रेती सचिव, संयोजक प्रदेश नं २, संयोजक-उखु उत्पादक किसान संघ
१६. क. रमिल बम सचिव
१७. क. सरिताकुमारी गिरी यादव सचिव, इन्चार्ज सप्तरी
१८. क. प्रेमनारायण अधिकारी कोषाध्यक्ष, प्रमुख–आर्थिक विभाग
१९. क. पुण्यप्रसाद पौडेल प्रमुख, लेखा परिक्षण आयोग
२०. क. हरि पोखरेल सह-इन्चार्ज, प्रदेश-१, प्रमुख अनुशासन आयोग
२१. क. जाल्पा भुसाल प्रमुख, निर्वाचन आयोग

२२. क. यज्ञराज वास्तोला सह-इन्चार्ज, सुदूरपश्चिम प्रदेश
२३. क. आरती पौडेल संयोजक, लुम्बिनी प्रदेश
२४. क. शिव खनाल संयोजक, गण्डकी प्रदेश
२५. क. सुरेन्द्रमोहन शर्मा संयोजक-वाग्मती प्रदेश, इन्चार्ज पुष्प तथा नर्सरी उत्पादक किसान संघ
२६. क. मोहनलाल शर्मा इन्चार्ज, पशुपालक किसान संघ
२७. क. बम बहादुर थापा इन्चार्ज, लमजुङ
२८. क. खेम सुवेदी संयोजक, सुदुरपश्चिम प्रदेश
२९. क. कविराम अर्याल संयोजक, खाद्यवाली उत्पादक किसान संघ
३०. क. रामशरण ढुंगाना सह-इन्चार्ज, काठमाडौं उपत्यका
३१. क. बालकृष्ण देउजा प्रमुख, अनुसन्धान विभाग
३२. क. रामलखन हरिजन इन्चार्ज, सिंचाइ तथा जलउपभोक्ता किसान संघ, नेपाल
३३. क. कृष्ण अधिकारी संयोजक, काठमाण्डौं उपत्यका
३४. क. सरिता भुसाल कार्यालय सचिव, प्रमुख-प्रचार तथा प्रकाशन विभाग,
३५. क. बिमला शर्मा चौलागाँई संयोजक, पंक्षीपालक किसान संघ
३६. क. जगतारनदेवी साह इन्चार्ज, सिराहा
३७. क. मिथिलेश यादव इन्चार्ज, धनुषा
३८. क. देवु विष्ट सह-संयोजक, गण्डकी प्रदेश
३९. क. बखत बहादुर भण्डारी संयोजक, कर्णाली प्रदेश
४०. क. धिरबहादुर शाही सहसंयोजक, कर्णाली प्रदेश
४१. क. ठाकुर भण्डारी सह-संयोजक, कृषिवन किसान संघ
४२. क. तारा खाती सह-संयोजक सुदुरपश्चिम प्रदेश
४३. क. विश्वनाथ वराल संयोजक, प्रदेश नं १
४४. क.पुरुषोत्तम न्यौपाने प्रमुख, विदेश विभाग

४५. क. दुखीलाल चौधरी सहसंयोजक, प्रदेश नं १, संयोजक भूमि अधिकार तथा कृषि श्रमिक संघ

४६. क. गोवर्धन गौली सचिव, गण्डकी प्रदेश, संयोजक-फलफूल उत्पादक किसान संघ

४७. क. कल बहादुर हमाल सह इन्चार्ज, कर्णाली प्रदेश, संयोजक, जडिवुटी उत्पादक किसान संघ, नेपाल

४८. क. माया गौतम के.सी संयोजक, तरकारी उत्पादक किसान संघ, नेपाल

४९. क. इन्द्र भुर्तेल आइटी प्रमुख